# लैङ्गिक उत्तरदायी बजेट परीक्षण कार्यविधि, २०८३

**नेपाल सरकार**

**महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय**

सिंहदरबार, काठमाडौं ।

कानून,न्याय तथा संसदीय मामिला मन्त्रालय,सिंहदरबार,काठमाडौं
प्रत्यायोजित विधायनको प्रकृति : कार्यविधि
दर्ता नं: ९६/०८३
दर्ता मितिः २०८३/०३/०५

# लैङ्गिक उत्तरदायी बजेट परीक्षण कार्यविधि, २०८३

**प्रस्तावनाः** लैङ्गिक उत्तरदायी सुशासन प्रवर्द्धनका लागि सार्वजनिक निकायहरूको बजेट तर्जुमा, कार्यान्वयन र प्रतिवेदन प्रणालीलाई लैङ्गिक दृष्टिकोणबाट थप सुदृढ, उत्तरदायी र परिणाममुखी बनाउन, विनियोजित बजेट र वास्तविक खर्च बीचको अन्तर पहिचान गरी प्रणालीगत सुधार गर्न र लैङ्गिक उत्तरदायी बजेटको कोडिङ्ग प्रणालीलाई वस्तुनिष्ठ बनाउन लैङ्गिक उत्तरदायी बजेट परीक्षण गर्न वाञ्छनीय भएकोले,

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व ऐन, २०७६ को दफा ६५ को उपदफा (४) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार, महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालयले यो कार्यविधि बनाएको छ।

## परिच्छेद — १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यस कार्यविधिको नाम "लैङ्गिक उत्तरदायी बजेट परीक्षण कार्यविधि, २०८३" रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) “अन्तरभेदीय दृष्टिकोण (Intersectionality)” भन्नाले लैङ्गिक पहिचानका अतिरिक्त जातजाति, वर्ग, भौगोलिक क्षेत्र, अपाङ्गताको अवस्था, उमेर, भाषा र आर्थिक स्थिति जस्ता सामाजिक पहिचान र अवस्थितिका कारण सृजना हुने बहुआयामिक वञ्चितीकरणको अवस्थालाई सम्झनुपर्छ र सो शब्दले सार्वजनिक योजना तथा बजेट प्रणालीले लक्षित वर्ग भित्रका पनि अति सीमान्तकृत महिला वा समूहको फरक फरक लैङ्गिक आवश्यकता पहिचान गरी सोही अनुरूप स्रोत र साधन परिचालन गर्ने नीतिगत र व्यावहारिक पद्धतिलाई समेत जनाउँछ।

(ख) “इकाई” भन्नाले लैङ्गिक समानताको विषय हेर्ने जिम्मेवारी दिइएको शाखालाई सम्झनुपर्छ।

(ग) "कोडिङ्ग" भन्नाले बजेट प्रणाली (प्रादेशिक/सङ्घीय LMBIS प्रणाली र स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली SuTRA) मा बजेटलाई लैङ्गिक दृष्टिकोणका आधारमा गरिने सङ्केतीकरण (प्रत्यक्ष लैङ्गिक उत्तरदायी-कोड १, अप्रत्यक्ष लैङ्गिक उत्तरदायी-कोड २ र तटस्थ-कोड ३) सम्झनुपर्छ।

(घ) "दिग्दर्शन" भन्नाले अर्थ मन्त्रालयबाट जारी भएको लैङ्गिक उत्तरदायी बजेट तर्जुमा दिग्दर्शन, २०६९ सम्झनुपर्छ।

सचिव

(ङ) "परीक्षक" भन्नाले यस कार्यविधि बमोजिम लैङ्गिक बजेट परीक्षणका लागि गठन गरिने टोली वा तोकिएको विज्ञ सम्झनुपर्छ।

(च) "परीक्षण" भन्नाले सार्वजनिक निकायहरूको बजेट चक्रमा लैङ्गिक मूलप्रवाहीकरण र वित्तीय अनुशासनको वस्तुनिष्ठ लेखाजोखा गर्ने लैङ्गिक उत्तरदायी बजेट परीक्षण सम्झनुपर्छ।

(छ) "बजेट चक्र" भन्नाले सम्बद्ध निकायहरूको बजेट तर्जुमा, स्वीकृत, कार्यान्वयन, वित्तीय प्रतिवेदन, अनुगमन तथा मूल्याङ्कन र लेखापरीक्षण समेतको समष्टिगत आवधिक प्रक्रियालाई सम्झनुपर्छ।

(ज) "बजेट सूचना प्रणाली" भन्नाले सरकारी आय र व्ययको योजना बनाउन, वर्गीकरण गर्न, कोडिङ्ग गर्न र वित्तीय व्यवस्थापनलाई पारदर्शी रूपमा सञ्चालन गर्न प्रयोगमा ल्याइएका सङ्घीय तथा प्रादेशिक मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS) र स्थानीय तहको सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA) लगायतका विद्युतीय वा सञ्चालित संस्थागत प्रणालीलाई सम्झनुपर्छ।

(झ) "मन्त्रालय" भन्नाले महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय सम्झनुपर्छ।

(ञ) "लैङ्गिक आवश्यकता" भन्नाले महिला, पुरुष वा लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकहरूको सामाजिक तथा जैविक विशिष्टता र फरक भूमिकाका आधारमा सिर्जना हुने विशिष्ट परिपूरक परिप्रेक्ष्यलाई सम्झनुपर्छ र यस अन्तर्गत सार्वजनिक निकायहरूको योजना तथा बजेट प्रक्रियाले सम्बोधन गर्नुपर्ने व्यावहारिक (Practical) तथा रणनीतिक (Strategic) आवश्यकताहरू समेतलाई बुझाउँछ।

(ट) "लैङ्गिक उत्तरदायी बजेट" भन्नाले लैङ्गिक समानताको लागि बजेटको सुनिश्चितता, बजेटका सबै प्रक्रियामा लैङ्गिक मूलप्रवाहीकरण र उपलब्धिको समतामूलक वितरणका साथै उपभोगको लागि लैङ्गिक विश्लेषण सहित उद्देश्यमूलक र योजनाबद्धरुपमा कार्यक्रम तर्जुमा र प्राथमिकीकरण गर्दै कार्यक्रम छनौट गरी लगानी गर्ने पद्धति सम्झनु पर्छ।

(ठ) "लैङ्गिक समानता" भन्नाले महिला, पुरुष, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकबीच सबै क्षेत्र र तहमा समान अवसर र समान लाभ हासिल गर्ने अवस्था सम्झनुपर्छ ।

(ड) "लैङ्गिक सम्पर्क व्यक्ति" भन्नाले लैङ्गिक विषय हेर्ने जिम्मेवारी दिइएको कर्मचारीलाई सम्झनुपर्छ।

(ढ) "सम्बद्ध निकाय" भन्नाले संवैधानिक निकाय, नेपाल सरकार र प्रदेश सरकारका मन्त्रालय, विभाग, कार्यालय, स्थानीय सरकारका निकायहरु समेतलाई सम्झनुपर्छ।

२।६।७।
सचिव

## परिच्छेद - २
## उद्देश्य, कार्यक्षेत्र र परीक्षणका क्षेत्रहरु

३. **उद्देश्यः** लैङ्गिक समानता प्रवर्द्धनका लागि राज्यले गरेका प्रतिवद्धताहरु पुरा गर्न सार्वजनिक खर्चलाई लैङ्गिक उत्तरदायी, समन्यायिक र पारदर्शी गराउन यो कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछः-

(क) सम्बद्ध निकायहरुले आफ्नो बजेट प्रणालीमा प्रविष्ट गरेको लैङ्गिक बजेट कोडिङ्ग (प्रत्यक्ष लैङ्गिक उत्तरदायी-कोड १, अप्रत्यक्ष लैङ्गिक उत्तरदायी-कोड२ र तटस्थ-कोड ३) को शुद्धताको परीक्षण गर्नु।

(ख) विनियोजित बजेट र यथार्थ खर्च बीचको अन्तर पहिचान गरी लैङ्गिकमैत्री बजेट कार्यान्वयन र वित्तीय अनुशासन कायम गर्न सहयोग गर्नु।

(ग) दिग्दर्शनका निर्धारित ५ वटा मुख्य सूचकहरू (सहभागिता, क्षमता विकास, लाभमा हिस्सा, रोजगारी, र समयको उपयोग) को कार्यान्वयनको अवस्था मापन गर्नु।

(घ) लैङ्गिक बजेट कार्यान्वयनका क्रममा देखिएका नीतिगत, संस्थागत र प्रक्रियागत अवरोधहरू पहिचान गरी सुधारका लागि कार्ययोजना सहित सुझाव पेश गर्नु।

(ङ) योजना निर्माण तथा बजेट चक्रमा संलग्न निकायहरुका लैङ्गिक सम्पर्क व्यक्ति र शाखाको भूमिकालाई संस्थागत र सुदृढ बनाउनु।

४. **कार्यक्षेत्रः** यो कार्यविधिको कार्यक्षेत्र तपसिल बमोजिम हुनेछः-

(क) यो कार्यविधि नेपाल सरकारका सङ्घीय मन्त्रालय, विभाग, कार्यालय, संवैधानिक निकाय र मातहतका कार्यालयहरूमा लागू हुनेछ।

(ख) प्रदेश तथा स्थानीय तहहरूले समेत यो कार्यविधिलाई मार्गदर्शनको रूपमा प्रयोग गर्न सक्नेछन।

५. **परीक्षणका क्षेत्रहरूः** (१) लैङ्गिक उत्तरदायी बजेट परीक्षण गर्दा सार्वजनिक निकायहरूको नीतिगत, कार्यक्रमगत र बजेट चक्रको समग्र प्रणालीलाई देहायका मुख्य ४ वटा क्षेत्रमा २५-२५ अङ्कभार दिई कुल १०० अङ्कभारमा परीक्षण गरिनेछ।

(क) **नीतिगत तथा संस्थागत व्यवस्था (कुल अङ्कभारः २५)**ः यस क्षेत्र अन्तर्गत देहायका उप-क्षेत्रहरूको परीक्षण गरिनेछः-

१. सम्बद्ध निकायको लैङ्गिक स्थितिको विश्लेषण/ लैङ्गिक आवश्यकता पहिचान,

२. कार्यक्रमगत लैङ्गिक समानताको उद्देश्य तथा लक्ष्य पहिचान/निर्धारण,

३. दिग्दर्शनको परिपालनाको अभ्यास तथा लैङ्गिक सम्पर्क व्यक्ति वा इकाईको व्यवस्था र क्षमता।

(ख) **कार्यक्रम तर्जुमाको चरणमा लैङ्गिक उत्तरदायी बजेट तर्जुमा दिग्दर्शनका सूचकहरूको वस्तुनिष्ठ प्रयोग (कुल अङ्कभारः २५)**ः यस क्षेत्र अन्तर्गत देहायका उप-क्षेत्रहरूको परीक्षण गरिनेछः-

सचिव

१. कार्यक्रम र लैङ्गिक आवश्यकता बीचको तादाम्यता,

२. दिग्दर्शनका सूचकहरूको वस्तुनिष्ठ प्रयोग ,

३. अङ्कभार, बजेट वर्गीकरण तथा कोडिङ्ग,

४. सरोकारका पक्षहरूको सहभागिता र परामर्श।

(ग) **बजेट कार्यान्वयन र वित्तीय अनुशासन (कुल अङ्कभारः २५):** यस क्षेत्र अन्तर्गत देहायका उप-क्षेत्रहरूको परीक्षण गरिनेछः-

१. लैङ्गिक उत्तरदायी बजेट कार्यान्वयनमा नीतिगत व्यवस्था,

२. कार्यान्वयनमा पारदर्शिता र सूचनामा पहुँच,

३. वित्तीय उत्तरदायीत्वको परिपालना।

(घ) **अनुगमन, मूल्याङ्कन र उपलब्धि (कुल अङ्कभारः २५):** यस क्षेत्र अन्तर्गत देहायका उप-क्षेत्रहरूको परीक्षण गरिनेछः-

१. लैङ्गिक खण्डिकृत तथ्याङ्क र सूचना व्यवस्थापन,

२. वित्तीय कार्यसम्पादन तथा खर्चको नतिजा,

३. लक्षित/लाभान्वित वर्गमा परेको प्रभाव,

४. लेखापरीक्षणमा लैंगिक दृष्टिकोण।

(२) प्रत्येक उप-क्षेत्रहरुका सूचकहरु सहितको परीक्षण सूची **अनुसूची-१** मा राखिएको छ र उप-क्षेत्रहरु तथा ३८ वटा परीक्षण सूचकहरुमा दिइएको अंकभार राख्दा बजेट तथा यसको कार्यान्वयनको अवस्थालाई मध्यनजर गरी निर्धारण गरिएको छ ।

६. <u>सूचकको अङ्क गणना गर्ने विधि:</u> (१) **अनुसूची-१** बमोजिमका प्रत्येक सूचकमा परीक्षकले दिएको "विकल्प अङ्कभार" (१, ०.५, वा ०) लाई सो सूचकको निर्धारित "सूचक अङ्कभार" सँग गुणन गरी प्राप्ताङ्क निकालिनेछ।

**गणितीय सूत्रः**

**प्राप्ताङ्क = विकल्प अङ्कभार x सूचक अङ्कभार**

उदाहरण;

(क) **पूर्ण अङ्क प्राप्त हुने अवस्थाः** यदि कुनै कार्यालयमा लैङ्गिक खण्डीकृत सूचना विवरण व्यवस्थित र डिजिटल रूपमा राखिएको पाइएमा परीक्षकले **विकल्प अङ्कभार "१"** दिनेछन्। उक्त सूचक (क्र. सं. ४) को निर्धारित **सूचक अङ्कभार "२"** भएकोले त्यस सूचकको प्राप्ताङ्क **१ x २ = २** हुनेछ।

(ख) **आंशिक अङ्क प्राप्त हुने अवस्थाः** यदि कुनै निकायमा लैङ्गिक सम्पर्क व्यक्ति वा इकाई मौखिक रूपमा मात्र तोकिएको तर संस्थागत पत्र नभएको पाइएमा परीक्षकले **विकल्प अङ्कभार "०.५"** दिनेछन्। उक्त सूचक (क्र. सं. ७) को निर्धारित **सूचक अङ्कभार "२"** भएकोले त्यस सूचकको प्राप्ताङ्क **०.५ x २ = १** हुनेछ।

(ग) **शून्य अङ्क प्राप्त हुने अवस्थाः** यदि कुनै निकायको सेवा प्रवाहमा लैङ्गिक सूचकहरू कति पनि निर्धारण नगरिएको पाइएमा परीक्षकले **विकल्प अङ्कभार "०"** दिनेछन्।



सचिव

उक्त सूचक (क्र. सं. २) को निर्धारित सूचक अङ्कभार **"२"** भए तापनि त्यस सूचकको प्राप्ताङ्क **० x २ = ०** हुनेछ।

यसरी सबै सूचकहरुको प्राप्तांक गणना गरिसकेपछि प्रत्येक मुख्य सूचकहरुको योग तथा सबैको कूलयोग गणना गरी **अनुसूची-२** बमोजिम सम्बद्ध निकायको ग्रेडिङ्ग (क, ख, ग, घ) गरिनेछ ।

(२) **अनुसूची-१** मा उल्लिखित कुल ३८ वटा परीक्षण प्रश्नहरूको प्रत्येकको प्राप्ताङ्क जोडेर कुल प्राप्ताङ्क गणना गरिनेछ, जसको अधिकतम पूर्णाङ्क १०० हुनेछ।

(३) यस कार्यविधिको मा तोकिएका सूचक तथा परीक्षण सूचीका प्रश्नहरू कुनै विशिष्ट कार्यप्रकृति भएको मन्त्रालय वा निकायको हकमा व्यावहारिक नभएमा वा अपूर्ण भएमा, सम्बद्ध निकायको अनुरोधमा मन्त्रालयको परीक्षण प्राविधिक टोलीले त्यस्ता सूचकहरूमा आवश्यकत्ता अनुसार थपघट वा परिमार्जन गर्न सक्नेछ। यसरी परिमार्जन गरिएका सूचक र अङ्कभारको संशोधित विवरण महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालयबाट प्रमाणित गराएर परीक्षणका लागि प्रयोग गर्नुपर्नेछ र सोही अनुसार कुल पूर्णाङ्कको आनुपातिक समायोजन गरिनेछ।

(४) सम्बद्ध निकायको प्रमुख कार्यक्षेत्रको सूचकहरुमा प्राप्ताङ्क फरक फरक हुने हुँदा सो को औषत निकालेर उक्त निकायको समग्र लैङ्गिक उत्तरदायी बजेटको स्थिति आँकलन गर्नुपर्नेछ ।

सचिव

## परिच्छेद - ३
## परीक्षण प्रक्रिया र विधि

७. **<u>क्षमता विकास तथा प्राविधिक सहयोग:</u>** मन्त्रालयले लैङ्गिक परीक्षणको लागि क्षमता विकास तालिम सञ्चालन तथा प्राविधिक सहयोग गर्न सक्नेछः-

(क) मन्त्रालयले वार्षिक रूपमा सबै सम्बद्ध निकायका लैङ्गिक सम्पर्क व्यक्तिहरूका लागि आवश्यक पुनर्ताजगी तथा क्षमता विकास तालिमको आयोजना गर्नेछ।

(ख) खण्ड (क) बमोजिम तालिम प्राप्त लैङ्गिक सम्पर्क व्यक्तिहरूले आ-आफ्नो मन्त्रालय वा निकायको लैङ्गिक उत्तरदायी बजेट परीक्षणको कार्य सम्पादन गर्नुपर्नेछ।

(ग) यस कार्यविधि बमोजिमको बजेट परीक्षण कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन मन्त्रालयले आवश्यक प्राविधिक सहयोग र समन्वय प्रदान गर्नेछ।

(घ) मन्त्रालय वा सम्बद्ध निकायले आवश्यकता अनुसार विज्ञको प्राविधिक सहयोग लिन सक्नेछ।

८. **<u>परीक्षक तोक्ने:</u>** मन्त्रालयले लैङ्गिक परीक्षण गर्न तपसिल बमोजिम परीक्षक तोक्न सक्नेछ।

(क) लैङ्गिक उत्तरदायी बजेट परीक्षण गर्न मन्त्रालयले एक परीक्षण टोली गठन गर्नेछ वा विज्ञलाई परीक्षक तोक्न सक्नेछ ।

(ख) लैङ्गिक उत्तरदायी बजेट परीक्षण टोलीमा मन्त्रालय वा सम्बद्ध निकायको राजपत्राङ्कित द्वितीय श्रेणीको अधिकृतको संयोजकत्वमा कम्तीमा तीन र बढीमा पाँच जना सदस्य रहनेछन् ।

(ग) उक्त परीक्षण टोलीमा आवश्यकता अनुसार विषय विज्ञलाई समावेश गर्न सक्नेछ।

(घ) खण्ड (क) बमोजिमको परीक्षण टोली गठन गर्दा उपलब्ध भएसम्म ५० प्रतिशत महिला सदस्यको सहभागिता अनिवार्य रूपमा सुनिश्चित गरिनुपर्नेछ।

(ङ) मन्त्रालयले लैङ्गिक समानता र महिला सशक्तीकरणको क्षेत्रमा कम्तीमा ५ वर्षको अनुभव भएको व्यक्तिलाई परीक्षकको रुपमा तोक्न सक्नेछ ।

९. **<u>स्वमूल्याङ्कन गर्नुपर्ने:</u>** सम्बद्ध निकायहरुले आर्थिक वर्ष समाप्त भएपछि, अघिल्लो आर्थिक वर्षको लागि **अनुसूची-१** मा उल्लिखित सूचक र मापदण्डका आधारमा स्वमूल्याङ्कन गर्न सक्नेछन्। यसलाई परीक्षण टोलीले थप दस्तावेजहरुको अध्ययन तथा अन्य आवश्यक विवरण सहितको परीक्षण कार्य गर्नेछ।

१०. **<u>परीक्षणका विधिहरू:</u>** परीक्षकले वस्तुनिष्ठ मूल्याङ्कनका लागि देहायका विधिहरू अवलम्बन गर्न सक्नेछः

(क) सम्बद्ध निकायले गरेको **अनुसूची-१** बमोजिमको स्वमूल्याङ्कनको अध्ययन र लेखाजोखा ।

(ख) बजेट प्रणालीमा प्रविष्ट गरिएका तथ्याङ्क तथा कोडिङ्को प्राविधिक विश्लेषण।

(ग) वार्षिक स्वीकृत कार्यक्रम तथा यसमा भएको खर्च, बजेट पुस्तिका र रकमान्तरको विवरण तथा आवश्यक दस्तावेजहरूको सूक्ष्म अध्ययन।

संचिव

(घ) सम्बद्ध निकायका विभिन्न कार्यक्रमहरुसंग सम्बन्धित सरोकारवाला तथा लक्षित समुदायसँग आवश्यकताका आधारमा प्रत्यक्ष अन्तर्वार्ता र समूहगत छलफल।

(ङ) स्थलगत अनुगमन, सामाजिक परीक्षण प्रतिवेदनको जाँच र निर्धारित प्रश्नावली विधि।

(च) परीक्षकले प्रत्येक कार्यक्रमगत फाइलको सूक्ष्म जाँच गर्दा बजेट कोडिङ्को यथार्थता पुष्टि गर्न **अनुसूची-५ मा** दिइएको लैङ्गिक उत्तरदायी बजेट दिग्दर्शन, २०६९ बमोजिमका ५-बुँदे सूचकहरूको परीक्षण गर्ने प्राविधिक आधारहरु र प्राप्त प्रमाणहरुमा वस्तुनिष्ठ विश्लेषण गर्ने ।

सचिव

## परिच्छेद - ४

## प्रतिवेदन, कार्ययोजना र अनुगमन

११. **प्रतिवेदन तयारीः** सम्बद्ध निकायको लैङ्गिक परीक्षण गरिसकेपछी तपसिल बमोजिम प्रतिवेदन तयार गर्नुपर्नेछः-

(क) परीक्षणका क्रममा देखिएका सबल पक्ष र सुधारका क्षेत्रहरू समेटी **अनुसूची-३** बमोजिमको ढाँचामा एक प्रारम्भिक प्रतिवेदन तयार गरी सम्बन्धित निकायलाई उपलब्ध गराउनु पर्नेछ।

(ख) उपदफा (१) बमोजिमको प्रारम्भिक निष्कर्षमाथि सम्बन्धित निकायको नेतृत्व र लैङ्गिक सम्पर्क व्यक्ति बीच विस्तृत छलफल गरी थप प्रामाणिक जवाफ वा प्रतिक्रिया सङ्कलन गरिनेछ।

(ग) परीक्षकले सम्बन्धित निकायको प्रतिक्रिया र प्राप्त प्रमाणहरू समेत समावेश गरी सुधारका स्पष्ट सिफारिसहरुको अन्तिम प्रतिवेदन सम्बद्ध निकायका प्रमुख समक्ष पेस गर्नु पर्नेछ।

(घ) परीक्षकले प्रतिवेदन पेस गर्दा सम्बन्धित निकायको बजेट विनियोजन र यथार्थ खर्चको प्राविधिक विश्लेषणका लागि **अनुसूची - ४** बमोजिमको लैङ्गिक उत्तरदायी बजेट कोडिङ्ग भएका कार्यक्रमहरूको **बजेट तथा खर्चको विवरण तालिका** अनिवार्य रूपमा संलग्न गर्नुपर्नेछ।

१२. **परीक्षण प्रतिवेदन र कार्ययोजनाः** समबद्ध निकायको परीक्षण प्रतिवेदनका सुझावको तपसिल बमोजिम कार्ययोजना बनाउनुपर्नेछः-

(क) यस कार्यविधि बमोजिम गरिएको लैङ्गिक उत्तरदायी बजेट परीक्षणबाट प्राप्त मुख्य सुझाव र सिकाइका आधारमा सम्बद्ध निकायले आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्नु अगावै एक व्यवहारिक 'कार्ययोजना' (Action Plan) तयार गर्नुपर्नेछ। सो कार्ययोजनाको एक प्रति मन्त्रालयलाई तथा एक प्रति अर्थ मन्त्रालय अन्तर्गतको लैङ्गिक उत्तरदायी बजेट समितिमा बजेट तर्जुमा प्रक्रियाको लागि पेश गर्नु पर्नेछ।

(ख) परीक्षणका क्रममा औंल्याईएका सुधार गर्नुपर्ने विषयहरुलाई आगामी वर्षको बजेट मार्गदर्शनमा समावेश गरी आवश्यक सुधार गर्नुपर्नेछ।

(ग) बजेट प्रणालीमा गलत कोडिङ्ग भएको पाइएमा, आगामी वर्ष सोही प्रकृतिको कार्यक्रममा सही कोडिङ्ग सुनिश्चित गर्न बजेट प्रणालीमै आवश्यक परिमार्जन र सुधारका लागि अर्थ मन्त्रालयसँग समन्वय गर्नुपर्नेछ।

१३. **अनुगमन तथा मूल्याङ्कनः** अनुगमन तथा मूल्याङ्कन देहाय बमोजिम हुनेछः-

(क) परीक्षणबाट प्राप्त भएका सुझाव र सिफारिसहरू कार्यान्वयन भए नभएको सम्बन्धमा सम्बद्ध निकायको अनुगमन गरिनेछ।

(ख) **अनुसूची-१** बमोजिम प्राप्त कुल प्राप्ताङ्कका आधारमा सम्बद्ध निकायको **अनुसूची-२** बमोजिम **लैङ्गिक उत्तरदायित्वको स्तर वर्गीकरण** र ग्रेडिङ्ग गरी सार्वजनिक गरिनेछ ।

सचिव

(ग) उत्कृष्ट अङ्क प्राप्त गरी (क) श्रेणीमा पर्ने निकायलाई मन्त्रालयबाट पुरस्कृत वा सम्मानित गर्न सक्नेछ ।

सचिव

## अनुसूची -१ चेकलिष्ट (Audit Checklist)

(परिच्छेद-२ दफा (५) को उपदफा (२) सँग सम्बन्धित)

*प्रासाँक = विकल्प अङ्कभार x सूचक अङ्कभार

| उप-क्षेत्र | क. सं. | परीक्षणका सूचकहरू | मापनका आधारहरु | विकल्प अङ्कभार | सूचक अङ्कभार | प्रासाँक* | सूचकका प्रमाण |
|---|---|---|---|---|---|---|---|
| **मुख्य सूचकः १. नीतिगत तथा संस्थागत व्यवस्था (कुल अङ्कभारः २५)** | | | | | | | |
| १.१ सम्बद्ध निकायको लैङ्गिक स्थितिको विश्लेषण/ लैङ्गिक आवश्यकता पहिचान | १ | सम्बद्ध नीति तथा कानूनहरु र राज्यले लैङ्गिक समानताकालागि अनुमोदन गरेका प्रतिवद्धताहरुसँग सामञ्जयपूर्ण वा अनुकुल भएको | - समञ्जस्यपूर्ण रहेको<br>- आंशिक अनुकूल वा परिमार्जनोन्मुख<br>- अनुकूल नरहेको/बाझिएको | १<br>०.५<br>० | ३ | | स्वीकृत नीतिगत दस्ताबेज, कानुनहरू राष्ट्रिय/अन्तराष्ट्रिय प्रतिवद्दता |
| | २ | सम्बद्ध निकायले प्रवाहगर्ने सेवाको लैङ्गिक सूचकहरू निर्धारणको अवस्था | - स्पष्ट लैङ्गिक सूचकहरू तोकिएको<br>- केही सूचक निर्धारण भएको तर अपूर्ण<br>- सूचकहरू निर्धारण नगरिएको | १<br>०.५<br>० | २ | | नागरिक बडापत्र, कार्यसम्पादन सूचक |
| | ३ | मन्त्रालयगत विकास समस्या समाधान समिति (MDAC) मा लैङ्गिक मुद्दाहरू उठाइने परिपाटी | - नियमित छलफल हुने<br>- कहिलेकाहीं वा आंशिक रूपमा उठ्ने<br>- छलफल नहुने | १<br>०.५<br>० | २ | | MDAC बैठकको एजेन्डा |
| | ४ | सम्बद्ध निकायमा लैङ्गिक खण्डिकृत सूचना तथा तथ्याङ्कहरूको विवरण राख्ने अभ्यास | - व्यवस्थित र डिजिटल रूपमा राखिएको<br>- आंशिक वा म्यानुअल रूपमा राखिएको<br>- विवरण राख्ने नगरिएको | १<br>०.५<br>० | २ | | कार्यालयको सूचना प्रणाली, Website |
| | ५ | सम्बद्ध निकायमा कर, शुल्क तथा राजश्वका दरहरु निर्धारण गर्दा सो को लैङ्गिक प्रभावको विश्लेषण गर्ने अभ्यास | - विश्लेषण गरिएको<br>- आंशिक रूपमा गरिएको<br>- विश्लेषण नगरिएको | १<br>०.५<br>० | २ | | राजश्वका दरहरु तथा प्रगतिशिल करको कार्यान्वयन |



२।।६।।

सचिव

| उप-क्षेत्र | क्र. सं. | परीक्षणका सूचकहरू | मापनका आधारहरु | विकल्प अङ्कभार | सूचक अङ्कभार | प्राप्तांक * | सूचकका प्रमाण |
|---|---|---|---|---|---|---|---|
| कार्यक्रमगत लैङ्गिक समानताको उद्देश्य तथा लक्ष्य पहिचान र निर्धारण | ६ | सम्बद्ध निकायले प्रवाह गर्ने सेवाको स्पष्ट लैङ्गिक उद्देश्य किटानको अवस्था | - स्पष्ट लैङ्गिक उद्देश्य भएको<br>- सामान्य वा परोक्ष रूपमा मात्र उल्लेख<br>- उद्देश्य किटान नगरिएको | १<br>०.५<br>० | २ | | कार्यालयको वार्षिक स्वीकृत कार्यक्रम पुस्तिका |
| | ७ | सेवाबाट लाभान्वित हुने वर्गको लैङ्गिक आवश्यकता, सरोकार, प्राथमिकता, लैङ्गिक खाडल र विभेदको स्थितिको पहिचान | - विस्तृत अध्ययनद्वारा पहिचान भएको<br>- आंशिक वा सामान्य अनुमानका आधारमा भएको<br>- विभेद वा खाडलको विश्लेषण नै नभएको | १<br>०.५<br>० | २ | | लैङ्गिक विश्लेषण प्रतिवेदन वा योजनाको आधार |
| १.३ दिग्दर्शनको परिपालनाको अभ्यास तथा लैङ्गिक सम्पर्क व्यक्ति वा इकाईको व्यवस्था र क्षमता | ८ | लैङ्गिक उत्तरदायी बजेट तर्जुमा दिग्दर्शनमा उल्लेख गरिएका सूचक तथा उपसूचकहरूको प्रयोग गर्ने कर्मचारीहरुको दक्षता वा कार्यक्षमताको अवस्था | - पूर्ण रूपमा सहज र सक्षम भएको<br>- प्राविधिक अस्पष्टता रहेको र पुनर्ताजगी तालिम आवश्यक रहेको<br>- अपुर्ण रहेको | १<br>०.५<br>० | २ | | प्रयोगकर्ताहरूको प्रतिक्रिया/पृष्ठपोषण प्रतिवेदन |



२।८।८२

सचिव

| उप-क्षेत्र | क. सं. | परीक्षणका सूचकहरू | मापनका आधारहरु | विकल्प अङ्कभार | सूचक अङ्कभार | प्राप्तांक * | सूचकका प्रमाण |
|---|---|---|---|---|---|---|---|
| | ९ | सम्बद्ध निकायमा लैङ्गिक सम्पर्क व्यक्ति वा इकाईको संस्थागत व्यवस्था | - स्पष्ट/औपचारिक रूपमा तोकिएको<br>- मौखिक रूपमा मात्रै तोकिएको<br>- लैङ्गिक सम्पर्क व्यक्ति वा इकाईको व्यवस्था नभएको | १<br>०.५<br>० | २ | | कार्यालयको कार्यविभाजन र मन्त्रीस्तरीय निर्णय |
| | १० | लैङ्गिक सम्पर्क व्यक्ति वा इकाईको लागि स्पष्ट कार्यक्षेत्रगत शर्त (ToR) र आवश्यक लजिष्टिकको उपलब्धता | - उपलब्ध भएको<br>- कार्यनिर्देश भएको तर आवश्यक लजिष्टिक नभएको<br>- नभएको | १<br>०.५<br>० | २ | | स्वीकृत कार्यनिर्देश (ToR) र लजिष्टिक |
| | ११ | लैङ्गिक सम्पर्क व्यक्ति वा इकाईको जनशक्तिमा लैङ्गिक विषयमा प्राप्त तालिम | - तालिम प्राप्त दक्ष जनशक्ति भएको<br>- सामान्य वा पुनर्ताजगी तालिम मात्र पाएको<br>- तालिम प्राप्त जनशक्ति नभएको | १<br>०.५<br>० | २ | | कर्मचारीको व्यक्तिगत विवरण र तालिम प्रमाणपत्र |
| | १२ | अन्तर निकाय तहमा लैङ्गिक कार्यक्रमहरूमा हुन सक्ने दोहोरोपन न्यूनीकरण गर्ने संस्थागत संयन्त्र | - संयन्त्र क्रियाशील रहेको<br>- आंशिक समन्वय मात्र हुने गरेको<br>- दोहोरोपन रोक्ने कुनै संयन्त्र नभएको | १<br>०.५<br>० | २ | | समितिको निर्णय, स्वीकृत कार्यविधि |
| | | | मुख्य सूचक १ को जम्मा | | २५ | | |

सचिव

| उप-क्षेत्र | क्र. सं. | परीक्षणका सूचकहरू | मापनका आधारहरु | विकल्प अङ्कभार | सूचक अङ्कभार | प्रासौंक * | सूचकका प्रमाण |
|---|---|---|---|---|---|---|---|
| **मुख्य सूचकः २. कार्यक्रम तर्जुमाको चरणमा लैङ्गिक उत्तरदायी बजेट दिग्दर्शनका सूचकहरुको वस्तुनिष्ट प्रयोग (कुल अङ्कभारः २५)** | | | | | | | |
| २.१ कार्यक्रम र लैङ्गिक आवश्यकता बीचको तादाम्यता | १३ | कार्यक्रम तर्जुमा गर्दा सम्बद्ध निकायको लैङ्गिक उद्देश्यलाई पालना गर्ने अवस्था | - अनिवार्य रूपमा ध्यानमा राखी मार्गदर्शन पालना<br>- आंशिक रुपमा पालना भएको<br>- लैङ्गिक उद्देश्यलाई ध्यानमा नराखिएको | १<br>०.५<br>० | २ | | कार्यक्रम तर्जुमा सम्बन्धी कार्यविधि/टिप्पणी |
| | १४ | कार्यक्रम तर्जुमागर्दा निकाय सम्बद्ध लैङ्गिक आवश्यकता र सरोकार सम्बन्धमा पर्याप्त छलफल हुने गरेको | - तर्जुमा चरणमा छलफल हुने<br>- औपचारिकताका लागि मात्र छलफल हुने<br>- लैङ्गिक सरोकारमा कुनै छलफल नहुने | १<br>०.५<br>० | २ | | योजना शाखाको बैठकको निर्णय/माइन्युट |
| | १५ | स्वीकृत योजना तथा कार्यक्रमहरू स्थापित लैङ्गिक आवश्यकता, सरोकार र प्राथमिकतासँग तादाम्यता भएको अवस्था | - शतप्रतिशत तादाम्यता र अनुकूलता रहेको<br>- आंशिक तादाम्यता रहेको तर स्पष्टता नभएको<br>- तादाम्यता पूर्ण रूपमा अभाव रहेको | १<br>०.५<br>० | २ | | स्वीकृत वार्षिक बजेट (Red Book) को प्रकृति |
| | १६ | लैंगिक समानता सम्बन्धी कार्यक्रमहरु तर्जुमा गर्दा राष्ट्रिय योजना आयोगले निर्धारण गरेको प्राथमिकिकरण सम्बन्धी नीतिको परिपालना भएको अवस्था | - सुझाव/सिफारिसको पालना भएको<br>- आंशिक रुपमा पालना गरिएको<br>- कार्यक्रम तय गर्दा प्राथमिकीकरण निर्धारण नगरिएको | १<br>०.५<br>० | २ | | आयोगको नीतिसंग तादाम्यता |

सचिव

| उप-क्षेत्र | क्र. सं. | परीक्षणका सूचकहरू | मापनका आधारहरु | विकल्प अङ्कभार | सूचक अङ्कभार | प्राप्तांक * | सूचकका प्रमाण |
|---|---|---|---|---|---|---|---|
| २.२ दिग्दर्शनका सूचकहरू को वस्तुनिष्ठ प्रयोग | १७ | कार्यक्रम तर्जुमागर्दा लैङ्गिक उत्तरदायी बजेट दिग्दर्शनका ५ सूचकहरू (सहभागिता, क्षमता विकास, रोजगारी र आय, लाभ र नियन्त्रण, समय उपयोग) का पक्षमा छलफल हुने परिपाटी | - सूचकका व्यवस्थाहरूमा विस्तृत छलफल भएको<br>- २ वा ३ वटा सूचकमा मात्र सामान्य छलफल<br>- दिग्दर्शनका सूचकहरूमा छलफल नभएको | १<br>०.५<br>० | २ | | कार्यक्रम तर्जुमाको मार्गदर्शन र बैठक अभिलेख |
| | १८ | लक्षित वर्गको आधारमा लाभान्वित वर्गको लैंगिक खण्डिकृत तथ्याँक (Sex disaggregated data) पहिचानको अवस्था | - पहिचान भएको<br>- सामान्य अनुमानित विवरण मात्र रहेको<br>- लाभान्वित वर्गको लैङ्गिक वर्गीकरण नगरिएको | १<br>०.५<br>० | २ | | तथ्याँक प्रणाली |
| | १९ | पहिचान गरिएका लैङ्गिक आवश्यकताहरू पूरा गर्न पर्याप्त स्रोत (बजेट) विनियोजनको अवस्था | - आवश्यकता अनुरूप पर्याप्त बजेट सुनिश्चित भएको<br>- न्यूनतम वा टोकन बजेट मात्र विनियोजन भएको<br>- बजेट विनियोजन नभएको | १<br>०.५<br>० | २ | | मन्त्रालयको MTEF र बजेट पुस्तिका |

सचिव

| उप-क्षेत्र | क्र. सं. | परीक्षणका सूचकहरू | मापनका आधारहरु | विकल्प अङ्कभार | सूचक अङ्कभार | प्रासौंक * | सूचकका प्रमाण |
|---|---|---|---|---|---|---|---|
| २.३ अङ्कभार, बजेट वर्गीकरण तथा कोडिङ्ग | २० | दिग्दर्शनमा निर्धारित सूचक/उपसूचकहरूमा छलफल गरी कार्यक्रम तर्जुमा चरणमा नै अङ्कभार दिइने अभ्यास | - तर्जुमाकै चरणमा छलफल गरी वस्तुनिष्ठ अङ्कभार दिने<br>- अनुमानका भरमा पछि मात्र अङ्कभार राखिएको<br>- तर्जुमा चरणमा अङ्कभार दिने परिपाटी नभएको | १<br>०.५<br>० | १.५ | | बजेट तर्जुमाको बेलाको प्राविधिक स्कोर सिट |
| | २१ | बजेट प्रणाली (LMBIS/SuTRA) मा लैङ्गिक कोडिङ्ग पुष्टि गर्ने आधारहरू सहितको अभिलेख | - कोडहरूको पुष्टि गर्ने आधार फाइल सुरक्षित भएको<br>- प्रणालीमा कोडिङ्ग भएको तर अभिलेख नभएको<br>- कोडिङ्ग पुष्टि गर्ने कुनै आधार सुरक्षित नरहेको | १<br>०.५<br>० | ३ | | योजना शाखाको कोडिङ्ग सपोर्टिङ फाइल |
| | २२ | लैङ्गिक उत्तरदायी बजेटको कोडिङ्ग गर्दा लैङ्गिक सम्पर्क व्यक्ति वा इकाईसँग छलफल र समन्वय | - समन्वय भई सहमति लिइएको<br>- समन्वय हुने गरेको तर सहमति नलिइने<br>- समन्वय नै नभएको | १<br>०.५<br>० | १.५ | | कोडिङ्ग गर्दाको टिप्पणी आदेश वा समन्वय पत्र |

सचिव

| उप-क्षेत्र | क्र. सं. | परीक्षणका सूचकहरू | मापनका आधारहरु | विकल्प अङ्कभार | सूचक अङ्कभार | प्रासाँक * | सूचकका प्रमाण |
|---|---|---|---|---|---|---|---|
| २.४ सरोकारका पक्षहरूको सहभागिता र परामर्श | २३ | योजना तर्जुमा गर्दा कार्यक्रमका सरोकारका पक्षहरूसँग परामर्श लिने अभ्यास | - सबै कार्यक्रम परामर्श भएको<br>- केहि कार्यक्रमहरुमा मात्रै परामर्श भएको<br>- परामर्श लिने कुनै स्थापित व्यवस्था नभएको | १<br>०.५<br>० | १.५ | | परामर्श बैठकको उपस्थिति र निर्णय पुस्तिका |
| | २४ | सरोकारका पक्षहरूको परामर्शको चरणमा महिला (लक्षित वर्ग भित्रका महिलासमेत) को सहभागिता भएको अवस्था | - कम्तिमा ३३% सहभागिता रहेको<br>- ३३% भन्दा कम सहभागिता रहेको<br>- सहभागिता नभएको | १<br>०.५<br>० | १.५ | | परामर्श बैठकको उपस्थिति र निर्णय पुस्तिका |
| | २५ | योजना तर्जुमा प्रक्रियामा लैङ्गिक आवश्यकता र प्राथमिकता निर्धारण गर्दा लैङ्गिक सम्पर्क व्यक्ति वा इकाईसँग परामर्श हुने परिपाटी | - योजना शाखा र लैङ्गिक सम्पर्क व्यक्ति बीच परामर्श भएको<br>- कहिलेकाहीं मात्र राय लिइने गरेको<br>- लैङ्गिक सम्पर्क व्यक्तिसँग परामर्श नै नगरिने गरेको | १<br>०.५<br>० | २ | | बैठकको उपस्थिति र निर्णय पुस्तिका |
| | | | **मुख्य सूचक २ को जम्मा** | | २५ | | |

सचिव

| उप-क्षेत्र | क्र. सं. | परीक्षणका सूचकहरू | मापनका आधारहरु | विकल्प अङ्कभार | सूचक अङ्कभार | प्रासौंक * | सूचकका प्रमाण |
|---|---|---|---|---|---|---|---|
| **मुख्य सूचकः ३. बजेट कार्यान्वयन र वित्तिय अनुशासन (कुल अङ्कभारः २५)** | | | | | | | |
| ३.१ लैङ्गिक उत्तरदायी बजेट कार्यान्वयनमा नीतिगत व्यवस्था | २६ | कार्यक्रम कार्यान्वयनका लागि लैङ्गिक संवेदनशील कार्यविधि वा कार्यविधिको प्रयोग | - कार्यविधि वा कार्यविधि भएको<br>- अन्य कार्यविधिमा लैङ्गिक संवेदनशील विषय रहेको<br>- नभएको | १<br>०.५<br>० | ४ | | कार्यविधि |
| | २७ | बजेट तथा कार्यक्रमहरु तोकिएको समय सीमा भित्र सम्पादन भएको अवस्था | - सीमा भित्र शतप्रतिशत सम्पन्न हुने गरेको<br>- आंशिक सम्पन्न, आर्थिक वर्षको अन्तिम त्रैमासिकमा<br>- कार्यक्रम नभएको | १<br>०.५<br>० | ४ | | त्रैमासिक प्रगति प्रतिवेदन र कार्यतालिका |
| | २८ | लैंगिक उत्तरदायी कार्यक्रम सञ्चालनमा कठिनाई हुने अवस्थामा सो को सुनुवाईको व्यवस्था | - सहज वातावरण सहित कार्यक्रम भएको<br>- आंशिक अवरोध सहित कार्यक्रम सुचारु<br>- अवरोधका कारण कार्यक्रम नै रोकिएको | १<br>०.५<br>० | २ | | वार्षिक समीक्षा प्रतिवेदन र सुनुवाइको रेकर्ड |
| ३.२ कार्यान्वयनमा पारदर्शिता र सूचनामा पहुँच | २९ | सञ्चालित कार्यक्रमहरूको सार्वजनिकीकरणको अभ्यास | - सार्वजनिकिकरणको अभिलेख रहेको<br>- आंशिक गरिएको<br>- सार्वजनिकिकरण नगरिएको | १<br>०.५<br>० | ४ | | सार्वजनिक रुपमा प्रकाशित अभिलेख, प्रतिवेदन तथा वेब पेज |



सचिव

| उप-क्षेत्र | क्र. सं. | परीक्षणका सूचकहरू | मापनका आधारहरु | विकल्प अङ्कभार | सूचक अङ्कभार | प्रासाँक | सूचकका प्रमाण |
|---|---|---|---|---|---|---|---|
| | ३० | सञ्चालित कार्यक्रमहरूको सूचनामा महिला/लक्षित वर्गको पहुँच | - नियमित रुपमा वेबसाइट र सूचना अधिकारी मार्फत जानकारी गराउने अभ्यास रहेको<br>- माग गरेमा मात्र सूचना पाइने वा पहुँच सीमित<br>- सूचनामा सरोकारवालाको पहुँच नभएको | १<br>०.५<br>० | ३ | | कार्यालयको वेबसाइट, सूचना बुलेटिन |
| ३.३ वित्तीय उत्तरदायीत्वको परिपालना | ३१ | लैंगिक समानतामा योगदान पुर्याउने कार्यक्रम सञ्चालन गर्दैजाँदा विनियोजित बजेट अपुग भई कार्यक्रम प्रभावित भएको अवस्था | - बजेट पर्याप्त भएको वा थप व्यवस्था गरिएको<br>- बजेट अपुग भई कार्यक्रमको आकार घटाइएको<br>- बजेट अत्यन्त न्यून भई कार्यक्रम नै प्रभावित | १<br>०.५<br>० | ४ | | वित्तीय विवरण र कार्यक्रम संशोधन फाइल |
| | ३२ | तोकिएको लैङ्गिक उद्देश्य भन्दा भिन्न कार्य वा साधारण शीर्षकमा विनियोजित रकम खर्च/रकमान्तर | - रकमान्तर नगरिएको<br>- विशेष परिस्थितिमा सामान्य रकमान्तर भएको<br>- धेरै कार्यक्रमहरु रकमान्तर गरिएको | १<br>०.५<br>० | ४ | | रकमान्तर सम्बन्धी निर्णय र महालेखा नियन्त्रकको कार्यालयको रेकर्ड |
| | | | **मुख्य सूचक ३ को जम्मा** | | **२५** | | |

सचिव

| उप-क्षेत्र | क्र. सं. | परीक्षणका सूचकहरू | मापनका आधारहरु | विकल्प अङ्कभार | सूचक अङ्कभार | प्राप्तांक | सूचकका प्रमाण |
|---|---|---|---|---|---|---|---|
| मुख्य सूचकः ४. अनुगमन, मूल्याङ्कन र उपलब्धि (कुल अङ्कभारः २५) | | | | | | | |
| ४.१ लैङ्गिक खण्डिकृत तथ्याङ्क र सूचना व्यवस्थापन | ३३ | कार्यक्रमबाट प्राप्त भौतिक तथा वित्तीय नतिजाको नियमित खण्डिकृत तथ्याङ्क सङ्कलन तथा अभिलेखन व्यवस्था | - व्यवस्थित MIS र अभिलेख पूर्ण रहेको<br>- आंशिक वा म्यानुअल रेकर्ड मात्र रहेको<br>- लिङ्ग वर्गीकृत तथ्याङ्क राख्ने नगरिएको | १<br>०.५<br>० | ४ | | अनुगमन शाखाको प्रतिवेदन र डाटाबेस |
| | ३४ | लैङ्गिक समानताको दृष्टिकोणबाट अनुगमन र मूल्याङ्कन तथा सूचना व्यवस्थापनका लागि बजेटको व्यवस्था | - अनुगमन सूचक र मूल्याङ्कन योजना स्पष्ट तोकिएको<br>- परम्परागत अनुगमन व्यवस्था मात्र उल्लेख भएको<br>- अनुगमन र मूल्याङ्कनको व्यवस्था उल्लेख नभएको | १<br>०.५<br>० | ३ | | कार्यक्रम सञ्चालन कार्यविधि वा परियोजना दस्तावेज |
| ४.२ वित्तीय कार्यसम्पादन तथा खर्चको नतिजा | ३५ | लैङ्गिक उत्तरदायी बजेटको स्वीकृत विनियोजन र वास्तविक खर्च बीचको तादाम्यता | - विनियोजित बजेटको ९०% भन्दा बढी खर्च भएको<br>- विनियोजित बजेटको ५०% देखि ८९% सम्म खर्च<br>- ५०% भन्दा कम खर्च भएको | १<br>०.५<br>० | ५ | | वार्षिक वित्तीय विवरण, खर्चको फाँटवारी |
| ४.३ लक्षित/लाभान्वित वर्गमा परेको प्रभाव | ३६ | लैङ्गिक उत्तरदायी बजेटले सम्बोधन गर्न जोड दिएका देहायका ५ रूपान्तरणकारी पक्षमा मापदण्ड अनुरूप सुधार भएको तथा परियोजना परीक्षण भएको भएमा वा अन्य प्रतिवेदनमा दिग्दर्शनका सुचकहरुको आधारमा लैङ्गिक प्रभाव विश्लेषण गरिएको | - प्रभाव विश्लेषण प्रतिवेदन भएको<br>- विभिन्न प्रतिवेदनहरुमा उपलब्धिका विषय छरिएको<br>- प्रभाव विश्लेषण नदेखिएको | | ५ | | आयोजना लेखापरीक्षण तथा अन्य प्रभाव विश्लेषण |



२।।८४ सचिव

| उप-क्षेत्र | क. सं. | परीक्षणका सूचकहरू | मापनका आधारहरु | विकल्प अङ्कभार | सूचक अङ्कभार | प्राप्ताँक | सूचकका प्रमाण |
|---|---|---|---|---|---|---|---|
| | ३७ | आवधिक वा वार्षिक प्रतिवेदनमा कार्यक्रमले लैङ्गिक समानताका पक्षमा पारेको वास्तविक प्रभाव, नतिजा/उपलब्धि र सिकाई समावेश भएको | - प्रभाव, नतिजा र सिकाई स्पष्ट रूपमा छुट्टै खण्डमा उल्लेख भएको<br>- छुट्टै खण्डमा नभई विभिन्न स्थानमा उल्लेख<br>- लैङ्गिक उपलब्धि र सिकाई उल्लेख नगरिएको | १<br>०.५<br>० | ५ | | स्वीकृत त्रैमासिक, वार्षिक प्रगति प्रतिवेदन |
| ४.४ लेखापरीक्षण मा लैंगिक दृष्टिकोण | ३८ | आन्तरिक,आयोजना लेखापरीक्षण र अन्तिम लेखापरीक्षण गर्दा लैङ्गिक उत्तरदायी बजेटको पक्ष समावेश भएको | - लेखापरीक्षणमा लैङ्गिक पक्ष अनिवार्य समावेश गरिएको<br>- आंशिक वा सामान्य सोधपुछ मात्र हुने गरेको<br>- लेखापरीक्षणमा लैङ्गिक पक्ष समावेश नहुने गरेको | १<br>०.५<br>० | ३ | | लेखापरीक्षण प्रतिवेदनहरु |
| | | | मुख्य सूचक ४ को जम्मा | | २५ | | |
| | | | ४ वटै मुख्य सूचकहरुको जम्मा | | १०० | | |

सचिव

## अनुसूची - २

(परिच्छेद-४ को दफा १३ को खण्ड (ख) सँग सम्बन्धित)

| प्राप्त कुल अङ्क | ग्रेड | स्तर वर्गीकरण र प्रमाणीकरणको अवस्था | प्रणालीगत व्याख्या र सुधारात्मक कदम |
|---|---|---|---|
| ८० देखि १०० | (क) (A) | पूर्ण लैङ्गिक उत्तरदायी (दिगो र उत्कृष्ट) | बजेट चक्र र संस्थागत प्रणाली उत्कृष्ट र अनुकरणीय रहेको। यस स्तरका सम्बद्ध निकायलाई पुरस्कृत/ सह्राहना गरी रोल मोडलको रूपमा सार्वजनिक गरिने। |
| ५० देखि ८० भन्दा कम | (ख) (B) | मध्यम लैङ्गिक उत्तरदायी (सुधारोन्मुख) | बजेट प्रणाली र कार्यान्वयन सन्तोषजनक रहेको तर केही प्राविधिक सुधार आवश्यक भएको। |
| ३३ देखि ५० भन्दा कम | (ग) (C) | न्यूनतम लैङ्गिक उत्तरदायी (पुनरावलोकन आवश्यक) | बजेट प्रणाली र कार्यान्वयन कमजोर रहेको अवस्था। |
| ३३ भन्दा कम | (घ) (D) | न्यूनतम मापदण्ड नपुगेको | स्वीकृत नीति र दिग्दर्शनको मापदण्ड बमोजिम काम नभएको। |

सचिव

## अनुसूची - ३

(परिच्छेद- ४ को दफा ११ को खण्ड (क) सँग सम्बन्धित)

### लैङ्गिक उत्तरदायी बजेट परीक्षण प्रतिवेदनको ढाँचा (Reporting Format)

**१. निकायको संक्षिप्त विवरणः**

- सम्बन्धित निकाय नाम र ठेगानाः
- परीक्षण भएको आर्थिक वर्षः
- कुल विनियोजित बजेट र खर्चः
- कुल विनियोजित बजेटमा प्रत्यक्ष र अप्रत्क्ष लैंगिक उत्तरदायी बजेटको आकारः

**२. मुख्य सूचकहरुमा प्राप्ताङ्क तथा निष्कर्षको विवरण तालिकाः**

| क्र.सं. | परीक्षणका मुख्य क्षेत्रहरू | पूर्णाङ्क | प्राप्ताङ्क | प्रमुख निष्कर्ष र प्रभावको व्याख्या |
|---|---|---|---|---|
| १ | नीति तथा संस्थागत व्यवस्था | २५ | | |
| २ | कार्यक्रम तर्जुमाको चरणमा लैङ्गिक उत्तरदायी बजेट दिग्दर्शनका सूचकहरूको वस्तुनिष्ठ प्रयोग | २५ | | |
| ३ | बजेट कार्यान्वयन र वित्तीय अनुशासन | २५ | | |
| ४ | अनुगमन, मूल्याङ्कन र उपलब्धि | २५ | | |
| | **कुल जम्मा** | १०० | | **प्राप्त ग्रेडः** |

**३ .उपसूचकहरुमा गरिएको अंक प्रदानको विवरण**

**४. लैङ्गिक उत्तरदायी बजेट परीक्षण नतिजाको विश्लेषण तथा चार्टहरु**

**५. मुख्य प्राविधिक त्रुटि तथा प्रणालीगत कैफियतहरूः**

*(LMBIS/SuTRA मा गलत कोडिङ्ग गरिएका वा रकमान्तर गरिएका बजेट लाइन आइटमहरूको विवरण)*

**६. सुधारात्मक सुझावहरू सहितको कार्ययोजना**

७. लैङ्गिक उत्तरदायी बजेट परीक्षणका सहभागीहरुको खण्डीकृत विवरण (हस्ताक्षर तथा फोटोहरु सहित)

**परीक्षकको विवरण र दस्तखतः**

नाम/पदः

दस्तखत/मिति:

२।।८१
सचिव

## अनुसूची — ४

### कार्यक्रम (ब.उ.शी.नं.) हरूको बजेट तथा खर्चको विवरण तालिका

(परिच्छेद - ४ को दफा ११ को खण्ड (क) सँग सम्बन्धित)

| क्र. सं. | बजेट उपशीर्षक नम्बर (ब.उ.शी.नं.) र कार्यक्रमको विवरण | लैङ्गिक उत्तरदायी बजेट कोडिङ्ग(कोड १, २ वा ३) | वार्षिक विनियोजित बजेट रकम (रु. लाखमा) | यथार्थ खर्च रकम (रु. लाखमा) | बजेट खर्चको प्रतिशत (%) | खर्च कम हुनुको संक्षिप्त कारण (६६% भन्दा कम खर्च भएमा - कोड १ र २ को मात्र) |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |
| ६ | | | | | | |
| ७ | | | | | | |
| ८ | | | | | | |
| ९ | | | | | | |
| १० | | | | | | |
| ... | | | | | | |
| | कुल जम्मा (Total) | - | | | | |

सचिव

## अनुसूची - ५

(परिच्छेद- ३ को दफा १० को खण्ड (च) सँग सम्बन्धित)

**लैङ्गिक उत्तरदायी बजेट दिग्दर्शन, २०६९ बमोजिमको ५-बुँदे सूचकहरूको परीक्षण गर्ने प्राविधिक आधार**

परीक्षकले परीक्षण गरिने निकायका प्रत्येक कार्यक्रम तथा आयोजनाको लैङ्गिक उत्तरदायी बजेट कोडिङ्को लेखाजोखा गर्दा निम्न प्रश्नहरूको उत्तर र प्रमाण खोज्नुपर्ने हुन्छ:

| २०६९ का सूचकहरू | लैङ्गिक उत्तरदायी बजेटको प्रकृयासंग सम्बन्धित प्रश्नहरु | परीक्षणमा खोजिने प्रमाण )Audit Evidence) |
|---|---|---|
| १. सहभागिता | **नीति, योजना तर्जुमा तथा कार्यान्वयनमा महिला सहभागिता**<br>• नीति तर्जुमा र कार्यान्वयनको चरणमा लक्षित समूह (महिला/पुरुष) को सहभागिता सुनिश्चित गरिएको थियो?<br>• योजना छनौट र कार्यान्वयन समितिमा महिलाको उपस्थिति मात्र नभई निर्णायक भूमिका र हस्ताक्षर छ कि छैन? | उपस्थिति पुस्तिका र निर्णयको प्रतिलिपि |
| २. क्षमता विकास | • तालिम वा सीप विकास कार्यक्रमले साँच्चै उनीहरूको नेतृत्व वा निर्णय क्षमतामा परिवर्तन ल्यायो?<br>• तालिम वा क्षमता अभिवृद्धि कार्यक्रममा कति महिला सहभागी भए?<br>• ती तालिमले उनीहरूको कार्यसम्पादन वा नेतृत्वमा वृद्धि ल्यायो? | तालिमको प्रतिवेदन र सहभागीको विवरण |
| ३. लाभमा हिस्सा/ आयमूलक | **स्रोतमा महिलाको पहुँच र निर्णय गर्ने अधिकारलाई प्राथमिकता दिने**<br>• स्रोतको बाँडफाँट गर्दा फरक लैङ्गिक आवश्यकताहरूलाई ध्यान दिइएको थियो?<br>• कार्यक्रमबाट प्राप्त प्रतिफल आय :जस्तै), सम्पत्तिमा पहुँचमा ( महिलाको हिस्सा कति छ? के यसले महिलाको आर्थिक आत्मनिर्भरता बढाएको छ? | - वास्तविक लाभग्राहीको वर्गिकृत विवरण<br>- त्रैमासिक, अर्धवार्षिक र वार्षिक समिक्षा प्रतिवेदनहरु वा समिक्षा बैठकमा भएका प्रस्तुतीकरणका कागजातहरु |
| ४. रोजगारी | **आर्थिक आत्मनिर्भरता र समान ज्यालाको सुनिश्चितता जाँच्ने**<br>• कार्यक्रमले रोजगारीका अवसरहरूमा लैंगिक विभेद कम गर्न मद्दत पुऱ्यायो?<br>• आयोजना कार्यान्वयनका क्रममा कति कार्यदिन महिलाले रोजगारी पाए? पारिश्रमिक भुक्तानीमा लैंगिक समानता छ कि छैन? | भुक्तानी प्रमाणहरु |
| ५. समयको उपयोग | **प्रविधिमार्फत महिलाको घरायसी कार्यबोझ कति कम भयो भनी हेर्ने**<br>• यसले महिलाको बेतलबी हेरचाह कार्यको बोझ घटाउन योगदान दियो?<br>• यो कार्यक्रम/आयोजनाले महिलाको घरायसी कार्यबोझ कम गर्न मद्दत पुऱ्याएको छ? (जस्तैः नजिकै खानेपानी पुग्दा वा प्रविधिले गर्दा बचत भएको समय) | उपलब्धि मूल्याङ्कन वा प्रभाव मूल्याङ्कन प्रतिवेदन |

सचिव